# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं:२०८३/८४
च.नं: ११६५

Email: bmceducationsection@gmail.com

मितिः२०८३।०६।०१

श्री तपसिलका वालविकास सहजकर्ताहरू,
भरतपुर महानगरपालिका, चितवन ।

विषयः विद्यालय छनौटको फाराम पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको प.सं. २०८३/८४, च.नं. १०९४, मिति २०८३।०५।२९ को दावी विरोध पेश गर्ने सम्बन्धमा फाजिलमा परेका वालविकास सहजकर्ताहरूलाई ३ दिनको अबधि दिई दावी बिरोध पेश गर्न सूचना प्रकाशन गरिएकोमा तोकिएको अवधिभित्र कसैको पनि दावी विरोध प्राप्त नभएकाले वालविकास सहजकर्ताहरूको पदस्थापन गर्ने प्रयोजनका लागि यस कार्यालयले निर्धारण गरेको तपसिल अनुसारको विद्यालय प्राथमिकताक्रम छनौट फाराम भरी मिति २०८३/०६/०५ गते कार्यालय समय भित्र शैक्षिक प्रशासन महाशाखामा पेश गर्नु हुन अनुरोध छ ।

पदस्थापन गर्दा लिइने आधारहरूः

१. नियुक्ति मितिको वरिष्ठताको योग्यताक्रमको आधार,
२. नियुक्ति मिति समान भएमा उच्च शैक्षिक योग्यतालाई आधार मान्ने । शैक्षिक योग्यता समेत समान भएमा उमेरको जेष्ठताको आधारमा वरिष्ठता कायम गर्ने,
३. बुँदा नं. १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि वालविकास सहजकर्ताको देहाय बमोजिमको अवस्था भएमा विशेष प्राथमिकता तोकी पदस्थापन गर्नेः
   ख र ग बर्गको अपाङ्गता परिचयपत्र भएका वालविकास सहजकर्ता, अरुको सहायताले हिडडुल गर्ने वालविकास सहजकर्ता, गर्भवती महिला र दुई वर्ष भन्दा कम उमेरका शिशु भएका वालविकास सहजकर्ता।

२०८३।०६।०१

रबिन्द्र प्रसाद देवकोटा
अधिकृतस्तर आठौं

बोधार्थः
श्री सूचना तथा सञ्चार प्रविधि शाखाः वेबसाइटमा अपलोड गरिदिनुहुन।

भरतपुर महानगरपालिका
शैक्षिक प्रशासन महाशाखा
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल।

**वालविकास केन्द्रका सहजकर्ता पदस्थापनाको लागि विद्यालय प्राथमिकताक्रम छनौट फारम**

श्रीमान,

तपसिल बमोजिम पदस्थापनको लागि प्राथमिकताक्रम छनौट गरी निवेदन पेश गर्दछु।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | कोटा संख्या | प्राथमिकताक्रम | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अङ्कमा | अक्षरमा | |
| १ | जनज्योती प.ध.म. मा. वि., भ.म.न.पा-२५, चितवन | २ | | | |
| २ | वाल कुमारी मा. वि., भ.म.न.पा-२, चितवन | १ | | | |
| ३ | प्रेमबस्ती मा.वि., भ.म.न.पा-७, चितवन | १ | | | |
| ४ | भद्रकुमारी आधारभूत विद्यालय, भ.म.न.पा-५, चितवन | ३ | | | |
| ५ | शहिद स्मृति मा.वि., भ.म.न.पा-६, चितवन | २ | | | |
| ६ | जानकी माध्यमिक विद्यालय, भ.म.न.पा-२७, चितवन | १ | | | |
| ७ | शरदपुर माध्यमिक विद्यालय, भ.म.न.पा-८, चितवन | ३ | | | |
| ८ | वालकुमारी कन्या मा. विद्यालय, भ.म.न.पा-२, चितवन | १ | | | |

निवेदकको नाम थर:-

हाल कार्यरत विद्यालयको नाम र ठेगाना:-

नियुक्ति मिति:- सम्पर्क नं.:-

बिशेष प्राथमिकता:- योग्यता क्रम नं.:-

हस्ताक्षर:- मिति:-

पुनश्च:

१. पदस्थापनको लागि छनौट गरेको विद्यालय मध्ये पहिलो प्राथमिकता क्रममा राखिएको विद्यालयमा निवेदकको योग्यताक्रम र प्राथमिकताक्रमको आधारमा खटाइने छ।
२. प्राथमिकताक्रम उल्लेख गर्दा पहिलो लाई १, दोश्रो लाई २, गर्दै क्रमश: उल्लेख गर्नु पर्नेछ। प्राथमिकताक्रम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ। अङ्क अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।
३. फाजिलमा परेका वालविकास सहजकर्ताले प्राथमिकताक्रम रोज्ने फारम भरी तोकिएको अबधि भित्र शैक्षिक प्रशासन महाशाखामा नबुझाएमा रिक्त हुने विद्यालयमा पदस्थापना गरिने छ।
४. विशेष प्राथमिकता छनौट गर्ने उम्मेरद्वारले सो सम्बन्धी कागजातको प्रामाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।